# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मितिः २०८३।०१।२५ गते ।

## प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको ।

वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौंका नायब सुब्बा हेम बहादुर मस्राङ्गीले सेवाग्राहीसँग वैदेशिक रोजगार ठगी सम्बन्धी मुद्दा प्रक्रियामा सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले निज नायब सुब्बा हेम बहादुर मस्राङ्गीलाई सेवाग्राहीसँग रू.१५,०००।– (पन्ध्र हजार रूपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा बैदेशिक रोजगार बिभाग, ताहाचल, काठमाडौंका नायब सुब्बा हेम बहादुर मस्राङ्गीले बैदेशिक रोजगार सम्बन्धी मुद्दा मिलापत्रका लागि अगाडि बढेको अवस्थामा बिभिन्न बहाना बनाई दुःख हैरानी दिई उक्त मुद्दामा तारेखमा बस्न नपर्ने, मुद्दा नचल्ने निर्णय गराई मुद्दा मिलाई दिने लगायतको व्यवस्थापन र कारवाही टुंग्याउने विषयमा सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग घुस/रिसवत रू.१५,०००।—(पन्ध्र हजार रूपैयाँ) माग गरी लिएको स्थापित भएकोले निज नायब सुब्बा हेम बहादुर मस्राङ्गीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रू.१५,०००।-(पन्ध्र हजार रूपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने